**International Research Journal of MMC (IRJMMC)**
**ISSN 2717-4999 (Online) | 2717-4980 (Print)**
**Volume 6, Issue 5 │ December 2025**

# वागमती क्षेत्रमा गाइने तिज गीतमा नारीचेतना

# (Women's Consciousness in Teej Songs Sung in the Bagmati Region)

**Sangita Shrestha**

**Corresponding Author**
**Sangita Shrestha**
Email: sangitashrestha855@gmail.com

**To Cite this article:** Shrestha, S. (2025). वागमती क्षेत्रमा गाइने तिज गीतमा नारीचेतना (Women's Consciousness in Teej Songs Sung in the Bagmati Region). *International Research Journal of MMC, 6*(5), 1–10. https://doi.org/10.3126/irjmmc.v6i5.88898

**Submitted**: 16 September 2025 **Accepted:** 15 December 2025 **Published:** 31 December 2025

## लेखसार

प्रस्तुत लेखमा वागमती क्षेत्रमा गाइने तिज गीतमा नारीचेतनाको दृष्टिले विश्लेषण गरिएको छ । तिज गीत नारीहरूको व्यक्तिगत, पिडा, सामूहिक भोगाइ र सामाजिक यथार्थलाई अभिव्यक्त गर्ने सशक्त लोकसाहित्यिक विधा हो । वागमती क्षेत्रमा गाइने तिज गीतमा नारीचेतनाको के कस्तो प्रस्तुति रहेको छ भन्ने मूल समस्याको समाधान गर्नु यस लेखको उद्देश्य रहेको छ । यस लेखमा सामग्रीको सङ्कलन क्षेत्रभ्रमण र पुस्तकालयबाट गरिएको छ । तिज गीतको विश्लेषण गर्नका लागि नारी अस्तित्व र मातृत्व शक्तिप्रति गर्व, सामाजिक तथा सांस्कृतिक चेतना, पितृसत्तावादले निम्त्याएका समस्याको प्रस्तुति र विरोधी भाव, शैक्षिक र आर्थिक उत्पीडनको पिडाबोध, नारी उत्पीडन विरोधी चेतना र समतामूलक समाज निर्माणको चाह र स्वतन्त्रताको खोजीलाई सैद्धान्तिक मानदण्डका आधारमा लिइएको छ । सङ्कतिल सामग्रीको विमर्शका लागि पाठविश्लेषण विधिको प्रयोग गरिएको छ । यस लेखमा तिज गीतमा प्रयुक्त नारीको विवाहपछि माइतीसँग टुटेको सम्बन्ध, बालविवाह, घरेलु हिंसा, श्रमशोषण, शिक्षा र अवसरबाट वञ्चितजस्ता समस्याहरू प्रस्तुत भएका छन् । तिज गीतले गुनासो मात्र पोख्दैनन् सामाजिक असमानता र पितृसत्तात्मक संरचनाप्रति पनि प्रतिवाद गर्दछन् । तिज गीतले आफ्नो पहिचानको रक्षा मात्र होइन स्वतन्त्रताको खोजी पनि गर्दछ । दिदीबहिनीको सामूहिक जमघट दुःख साट्ने परम्परा र आपसी सम्बन्धले तिज गीतलाई नारी जागरणको स्रोत बनाएको छ भन्ने मूल भाव लेखमा रहेको छ । यसरी तिज गीत मनोरञ्जनका लागि मात्र नभई आत्मपहिचान, प्रतिरोध र सामाजिक रुपान्तरणतर्फ उन्मुख, नारीचेतनाको महत्त्वपूर्ण सांस्कृतिक अभ्यासका रूपमा स्थापित भएका छन् भन्ने निष्कर्ष निकालिएको छ ।

***शब्दकुञ्जी:*** अस्तित्ववादी, नारीचेतना, पितृसत्तात्मक संरचना, समतामूलक समाज, सांस्कृतिक चेतना

## Abstract

This article analyzes the female consciousness reflected in the Teej songs sung in the Bagmati region. Teej songs are a form of folk literature that express women's personal emotions, pain, collective experiences, and social realities. The main objective of this study is to examine how women's awareness has been represented in the Teej songs of the Bagmati region and to explore possible solutions to their fundamental problems. Field visits and library research have been conducted for the purpose of this study. To analyze the Teej songs, theoretical perspectives related to women's existence and motherhood, social and cultural awareness,



©2025 The Author(s).

resistance to patriarchal domination, the pain of educational and economic oppression, the desire for an egalitarian society, and the search for independence have been applied.The analysis shows that Teej songs express women's struggles such as broken relationships with their maternal homes after marriage, child marriage, domestic violence, labor exploitation, and deprivation of education and opportunities. These songs not only express grievances but also raise voices of protest against social inequality and patriarchal structures. They safeguard women's identity while seeking freedom. The tradition of sisters gathering together during Teej to share their pain and emotions has made the Teej song a means of women's awakening. Thus, it has been concluded that Teej songs have developed not merely as a form of entertainment but as an important cultural practice of female consciousness directed towards self-identification, resistance, and social transformation.

***Keywords:*** existentialism, female consciousness, patriarchal structure, Egalitarian society, cultural awareness

## १. विषयपरिचय

प्रस्तुत अध्ययनको विषय वागमती क्षेत्रमा गाइने तिजगीतको नारी चेतनाका दृष्टिले विश्लेषण गर्दै तिनले लोक जीवनमा पारेको प्रभावको मूल्याङ्कन रहेको छ । नेपाली लोक गीतको एउटा प्रकार पर्व गीत हो । र उक्त पर्व गीतभित्रको एउटा प्रकार तिज गीत हो । नेपाली हिन्दू नारीहरूले हरितालिका तिज पर्व विशेषमा गाइने गीतलाई तिज गीत भनिन्छ । तिज गीतविशेषत: नागपञ्चमीदेखि ऋषिपञ्चमीसम्म गाइन्छ । लोकगीत लोकको गीत हो । लोकगीतका रूपमा तिज गीत केवल भावनात्मक अभिव्यक्ति मात्र होइन, साहित्यिक सौन्दर्य र कलात्मक रचना पनि हो । लोकगीत परापूर्वकालदेखि मौखिक रूपमा प्रस्तुत गरिने मौलिक गीत हो । यसको आफ्नै पहिचान छ । लोकगीत एउटा व्यक्ति विशेष नभएर समुदायको हुन्छ । लोकगीत उकाली, ओराली, भञ्ज्याङ्ग, चौतारी, मेलापात जाँदा लोकजीवनमा गाइने मौखिक गीत हो । यसको आफ्नै लय, भाषाशैली हुन्छ । तिज गीतहरूको उत्पत्ति र व्यापकता हेर्दा, ती केवल वागमती क्षेत्रमा मात्रै सीमित छैनन्, नेपालका धेरैजसो भूभागमा प्रचलित छन् । तर, भाषाशैली, उच्चारण, शब्दप्रयोग, लय, संगीत, र सांस्कृतिक प्रतीकहरूमा क्षेत्रीय भिन्नता भने अवश्य पाइन्छ । जस्तै, वागमती क्षेत्रमा नेपालीभाषा र स्थानीय नेवारी वा तामाङ भाषाका शब्द मिश्रित रूपहरू भेटिन्छन् भने, सुदूरपश्चिममा देउडा शैली, मधेशमा मैथिली र भोजपुरी भाषागत लय पाइन्छ । यसर्थ, तिज गीतको भाव र विषयवस्तु सार्वभौमिक भए पनि, रूप र प्रस्तुतिको शैली क्षेत्रअनुसार फरक हुन्छ । त्यसैले, लोकगीतहरूलाई प्रदेशको सीमाले पूर्ण रूपमा बाँध्न सकिँदैन, किनकि ती लोकजीवनको सामूहिक चेतनाबाट जन्मिएका मौखिक साहित्य हुन्, जसले भौगोलिक सीमाभन्दा सांस्कृतिक एकतालाई जोड्छन् । नारीहितको मुद्दालाई मूल विषय बनाएर लेख्नु नै नारीवादी चेतना हो । नारीलाई मुख्य विषय बनाई कृतिमा उभ्याएर त्यो कृतिले सफलता कतिको पायो भनेर अध्ययन गर्नु.नारीवादी चेतना हो । यसले नारी स्वतन्त्रता, समताको वकालत गर्दै नारीमाथि हुने हिंसाको अन्त्यका लागि नारीलाई जागृत गराउँछ । प्राकृतिक रूपमा भिन्नता भए पनि सामाजिक मान्यताले कमजोर रूपमा प्रस्तुत नगरी स्वतन्त्र अधिकारबाट वन्चित नभई समाजको विभेद समाजमा नै अन्त्य गर्नुपर्छ भन्ने मान्यता नारीवादको रहेको छ । तिज गीत वागमती क्षेत्रको विशेषता मात्र होइन, सारा नेपाली समाजको साझा सांस्कृतिक सम्पत्ति हो, वागमती क्षेत्रका गीतहरू सम्पूर्ण सांस्कृतिक परम्पराको नमुनाका रूपमा अध्ययन गरिएको छ । विभिन्न लेखमा तिजको चर्चा गरे पनि नारीचेतनाको दृष्टिले आजसम्म कुनै पनि अनुसन्धान भएको छैन् तसर्थ यस अध्ययनमा वागमती क्षेत्रमा गाइने तिज गीतको अध्ययन गरिएकाले यो अध्ययन उपयोगी रहेको छ । प्रस्तुत लेखको वागमती क्षेत्रमा गाइने तिज गीतमा नारीचेतनाको के कस्तो प्रस्तुति रहेको छ भन्ने मूल समस्याको समाधान गर्ने उद्देश्य यस अध्ययनको रहेको छ ।

## २. अध्ययनविधि

प्रस्तुत अध्ययनमा नारी चेतनाका दृष्टिले वागमती क्षेत्रमा गाइने तिज गीतको विश्लेषण गरिएको छ। यस अध्ययनको प्राथमिक स्रोत सामग्रीका रूपमा वागमती क्षेत्र (प्रदेश) मा गाइने तिज गीत रहेको छ। यस्तै तिज गीत र नारीचेतना सम्बद्ध विभिन्न लेखरचनालाई द्वितीय स्रोत सामग्रीको रूपमा उपयोग गरिएको छ। लोकसाहित्य र प्रगतिशील साहित्यका अध्यताले तिजगीत र नारीचेतनासँग निकट भई गरेका अध्ययन सामग्री पनि यसै अन्तर्गत उपयोग गरिएको छ। प्राथमिक स्रोत सामग्रीको सङ्कलन क्षेत्र भ्रमणबाट र द्वितीय स्रोत पुस्तकालयबाट गरिएको छ। यी दुबै सामग्रीको यथोचित प्रयोग गरी यस अध्ययनलाई गुणात्मक प्रकृतिको बनाइएको छ। तिजगीतमा नारीचेतना प्रयोगको अध्ययन गर्न यी दुबै स्रोत सामग्रीको प्रयोगगरी एउटा सैद्धान्तिक मानदण्ड तयार गरिएको छ। नारीचेतनाको दृष्टि र तिज गीतको विश्लेषणबाट यी दुबै सामग्रीको यथोचित व्यवस्थापन गरी निष्कर्षको निरुपण गरिएको छ।

## ३. सैद्धान्तिक आधार

तिज विशेषतः हिन्दु महिलाहरूको महान चाड हो। लोकसमाजले मान्दै आएको यो पर्वमा नारीका दुःख, पीडालाई भुलाउनका लागि गीत मार्फत प्रस्तुत गरिन्छ। लोकगीत लोकसमुदायले परम्परागत रूपमा गाउँदै र सुनाउदै आएको सर्वाधिक प्रिय गेयात्मक लोकसाहित्यिक विधा हो (लामिछाने, पृ. १२७)। तिज गीत लोकगीतको एउटा उपविधा हो, किनभने यो लोकद्वारा र लोकका लागि सिर्जना भएको मौखिक साहित्यिक विधा हो। तिजका गीतहरूले चेलीका आमाबाबु, दिदी–बहिनी र दाजुहरूप्रतिको प्रेम बाल्यकाल र जन्मस्थलको सम्झना, मात्र प्रस्तुत गर्दैनन्, सामाजिक यथार्थतालाई पनि राम्ररी देखाउँछ (बन्धु, २०८१ पृ. १८०)। तिजको समयमा भावनात्मक सुख, दुःख साट्नका लागि गाइने गीत तिज गीत हो। नारी जीवनमा घटेका पिर, व्यथा शोषणलाई विद्रोही चेतताको स्वर मार्फत अभिव्यक्ति गर्ने गरिन्छ। नारी चेतना भन्नाले महिलाहरूले आफ्नो अधिकार कर्तव्य, क्षमता र पहिचानबारे सचेत हुनु, अन्याय र अत्याचार विरुद्ध आवाज उठाउन सक्ने शक्ति पाउनु र समान अवसरका लागि सङ्घर्ष गर्ने सामूहिक तथा व्यक्तिगत चेतनाको जागरण नै नारी चेतना हो। नारीजीवनका मर्महरूको अभिव्यक्ति तिजका गीतहरूमा पाइन्छ अहिलेका तिजका गितहरूमा शोषणका विरुद्धको नारीविद्रोही र संचेतानाका स्वर सुनिन थालेका छन् (बन्धु, २०८१ पृ. १७६)। तिज गीतहरू नारीजीवनका मर्म, पीडा र चाहनाको सजीव दस्तावेज हुन्। परम्परागत तीज गीतहरूले नारीको पारिवारिक संवेदना, दुःख, माइतीको याद र वैवाहिक जीवनका कष्टलाई भावनात्मक ढङ्गले चित्रित गर्थे। तर आधुनिक समयका तिज गीतहरूमा ती भावनात्मक स्वरहरू विद्रोही चेतनामा रूपान्तरण भएका छन्। तिज पर्वमा गाइने गीतले नारीको वास्तविक अवस्थाको चित्रण गर्दछ। समय परिवर्तन भए नभएको मापन गर्ने साधनको रूपमा पनि सो पर्वमा गाइने गीतलाई लिन सकिन्छ। गीत रचना गर्ने आधार समाज नै हो (सरस्वती सरस, २०८२ अन्नपूर्ण पोस्ट)। अबका गीतहरूमा नारीमाथि हुने सामाजिक, सांस्कृतिक, आर्थिक र मानसिक शोषणको प्रतिवादसँगै स्वतन्त्रता, समानता र आत्मसम्मानको बलियो माग प्रस्तुत हुन्छ। यी गीतहरूले नारीलाई मौन सहनशील पात्र होइन, परिवर्तनको वाहकका रूपमा चित्रित गर्छन्। त्यसैगरी रजनी ढकाल (सन् २०२५) ले तिजको सामाजिक सन्दर्भ लेखमा तिजगीतलाई पितृसत्ताको नियम गर्ने चाडका रूपमा ब्याख्या गर्दै महिलाको स्वतन्त्रतामाथि अङ्कुश राख्न ल्याइएको पतिव्रता धर्म सामन्तवादी पितृसत्ताको अचुक उपाय हो (पृ. ५४) भन्ने अभिमत प्रकट गरेकी छन्। लक्ष्मणप्रसाद गौतम (सन् २०१७) ले 'उत्तरवर्ती नेपाली नारीकविता लेखनमा नारीवादी चेतना' शीर्षकको लेखमा नारीवादी लेखनमा नारीवादी चेतनाको विश्लेषण गर्दै यसका मूल प्रवृत्तिलाई सात बुँदामा उल्लेख गरेका छन्। ती १. नारीवादी दृष्टिकोण र लैगिक समानता, २. नारी अस्तित्वको खोजी र नारीका भूमिकाको महिमा, ३. बलात्कृत नारी अस्मिताको प्रस्तुति, ४. नारी पिडाबोधको अभिव्यक्ति, ५. पुरुषप्रधान

समाजको विरोध र नारी अधिकारको खोजी, ६. नारीको मूल्यहीन जीवनको चित्रण र मातृत्वचेतना र ७. नारी स्वतन्त्रताको चाहाना, विद्रोही चेतना र परतन्त्रको विरोध (पृ. ?) हुन् । उनको यस मान्यता तिजगीतको सन्दर्भमा पनि उत्तिकै लागू हुन्छ ।

तर्कना शर्मा (२०७३) ले आफ्नो पुस्तक प्रयोगशालाको प्रयोगमा नारीप्रति परम्परादेखि चल्दै आएको धारणालाई विरोध गरेकी छन् । उनका अनुसार नारीवादले समाजमा प्राचीन समयदेखि प्रबल रूपमा रहेको पितृसत्तात्मक धारणा र साहित्यको पुरुष व्याख्याप्रति औँला उठाउँदै पुरुषद्वारा निर्धारण नारीको स्थान तथा परम्परित मूल्य र मान्यताको विरोध गर्दछ (पृ. १२०) । तिजमा गाइने गीतमा नारी विद्रोह, सशक्तीकरण, विभेद, घरेलु हिंसा, नैतिकतामा आँच जस्ता कुराहरूलाई समेटिएको हुन्छ (पराजुली, २०७१, पृ. २८) । तिजमा नारी जागरणका साथै उनीहरूले भोगेका दुःख, पिडा, हाँसो र रोदनलाई गीतको भावमार्फत व्यक्त गरेका हुन्छन् । तिज गीत अब केवल पर्वको प्रतीक होइन, नारी जागरण, चेतना र सामाजिक रूपान्तरणको सांस्कृतिक आन्दोलन बनेका छन् । तिज गीतलाई संगीत र नृत्यको सामन्जस्यता पाइने भाषागत सरलता रहने, स्थानीय भाषाको प्रयोग हुने, तत्कालै शब्द टिपेर गीतका टुक्का गाउन सक्ने, थेगोको प्रयोग पाइने विशेषता तिज गीतमा हुन्छ (पौड्याल, २०७९ पृ.७३ ) । तिज गीतमा संगीत र नृत्यको एकता नारीहरूको सामूहिक भावनाको प्रतीक हो । गीत गाउँदै नाच्ने र नाच्दै दुःख, पीडा वा खुसी व्यक्त गर्ने शैलीले लोकजीवनको आत्मा बोकेको हुन्छ । भाषागत दृष्टिले तिज गीतमा प्रयुक्त शब्दहरू सजिला, लयात्मक र बोलचालका हुने भएकाले ती गीतहरू सबैका लागि बुझ्न र गाउन सहज हुन्छन् । स्थानीय भाषाको प्रयोगले विविध जाति, भूगोल र संस्कृतिका नारीहरूलाई आफ्नो पहिचानका साथ जोड्छ । तिज गीतलाई रसको दृष्टिले हेर्दा करुण रस (दुःख, पीडा, माइतीको सम्झना), श्रृङ्गार रस (मिलन र सौन्दर्य भावना), वीर रस (विद्रोही चेतना र स्वतन्त्रताको आकांक्षा), र कतिपय अवस्थामा हास्य रस (व्यङ्ग्य) समेत पाइन्छ । यी विविध रसहरूको उपस्थितिले गीतलाई जीवन्त, भावनात्मक र प्रभावशाली बनाउँछ । तिज गीतमा रसको प्राचुर्यता र अलङ्कारको सुन्दर संयोजन भएको देखिन्छ (पुन, सन् २०२५ पृ.१७५) । तिज गीतलाई केवल लोकभावनाको दस्तावेज नभई, रसपूर्ण र अलंकारयुक्त कलात्मक लोकसाहित्यिक कृतिका रूपमा चित्रित गर्छ, जसले नारीचेतना मात्र होइन, नेपाली लोकजीवनको सौन्दर्यबोध पनि प्रकट गर्दछ ।

माथिको सैद्धान्तिक ढाँचा र विश्लेष्य सामग्रीका आधारमा तिज गीतमा नारीचेतनाको विश्लेषणका लागि एउटा मानदण्ड तयार गरिएको छ । जुन यस्तो छ: १) नारी अस्तित्व र मातृत्व शक्तिप्रति गर्व २) सामाजिक तथा सांस्कृतिक चेतना ३) पितृसत्तावादले निम्त्याएका समस्याको प्रस्तुति विरोधी भाव ४) शैक्षिक र आर्थिक उत्पीडनको पिडाबोध र नारी उत्पीडिन विरोधी चेतना ५) समतामूलक समाज निर्माणको चाह र स्वतन्त्रताको खोजी यी नै सैद्धान्तिक मानदण्डका आधारमा वागमती क्षेत्रमा गाइने तिज गीतको विश्लेषण गरि निष्कर्ष निकालिएको छ ।

### ३.१ विमर्श र परिणाम

प्रस्तुत अध्ययनमा वागमती क्षेत्रमा गाइने तिज गीतमा नारी अस्तित्व र मातृत्व शक्तिप्रति गर्व, सामाजिक तथा सांस्कृतिक चेतना, पितृसत्तावादले निम्त्याएका समस्याको प्रस्तुति र विरोधी भाव, शैक्षिक र आर्थिक उत्पीडनको पिडाबोध र नारी उत्पीडन विरोधी चेतना, समतामूलक समाज निर्माणको चाह र स्वतन्त्रताको खोजीलाई आधार बनाई तिज गीतमा नारीचेतनाको विश्लेषण गरिएको छ ।

## ४. वागमती क्षेत्रमा गाइने तिज गीतमा नारीचेतनाको विश्लेषण

प्रस्तुत लेखमा वागमती क्षेत्रमा गाइने तिज गीतमा नारी चेतनाको के–कस्तो प्रस्तुति रहेको छ भन्ने विषयको अध्ययन गरिएको छ । अब नारी घर धन्दामा मात्र सीमित भएर हैन शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीति आदि क्षेत्रमा

पुरुष सरह सहभागी भई स्वतन्त्र रूपमा चाडपर्वमा आफ्नो खुसी साट्न पाउने धारणा तिज गीतमा व्यक्त गरिएको छ । यसमा गोमा चर्मकार, विपेन विश्वकर्मा र दीपा चौलागाईँद्वारा प्राप्त तिज गीतलाई आधार सामग्री बनाई विश्लेषण गरिएको छ ।

### ४.१ नारी अस्तित्व र मातृत्व शक्तिप्रति गर्व

नारी अस्तित्व नारीको पहिचान हो। अस्तित्ववादी चेतना जीवन र जगत्मा विसङ्गतिको बोध गर्दै व्यक्तिको स्वतन्त्र निर्णय तथा उत्तरदायित्वलाई सकार्ने अनि जीवनको सही अर्थ खोज्ने दार्शनिक मान्यता हो (गौतम, २०८१, पृ. ५८) । आफू स्वतन्त्र भएर समाजमा बाच्न पाउनुपर्ने, नारीमा पनि स्वविवेक हुन्छ भन्ने धारणा व्यक्त हुन्छ । तुलसीप्रसाद गौतम (२००१) ले 'उत्तरवर्ती नेपाली कवितामा नारीचेतना' लेखमा मातृत्वको महिमालाई जन्मदाताका नाताले मानव समाजमा आमाको स्थान उच्च रहेको छ। त्यसैले शास्त्रहरूमा पनि 'मातृदेवो भवः' भनेर आमाको महिमा गाइएको पाइन्छ तर पितृसत्ताबाट प्रभावित रुढिग्रस्त समाजले आमाको गरिमा र महिमा बिर्सिएको छ (पृ.६६) भन्ने आफ्नो अवधारणा व्यक्त गरेका छन् । नारी अस्तित्व र मातृत्व शक्तिप्रति गर्व तलको गीतमा प्रकट भएको छ । जस्तैः

तिजमा आमा भेट्न पाएँ चङ्गा जस्तै भा'छ मन
मेरी आमा देवी नै हुन् साक्षात् भगवान् ।
जन्म दियौ आमा मलाई म नि आमा भाकी छु
हेर आमा नाति लेर माइती आकी छु ।
(स्रोतः विश्वकर्मा, २०८२)

प्रस्तुत गीतमा नारीलाई दुःख वेदना पोख्ने स्थल मात्र नभई स्वपहिचान र आत्मागौरवको पुनस्थापना गर्ने सांस्कृतिक क्षणका रूपमा आएको छ । आमा ममताकी खानी हुन्, जसमा हामी साक्षत् भगवान्को स्वरूप पाउँछौ । आमा जसरी तिमीले मलाई जन्म दियौ त्यसैगरी मैले पनि आमा बन्ने सौभाग्य पाएकी छु र सन्तान लिएर तिजको मौकामा भेट्न आएकी छु भन्ने नारी अस्तित्व र मातृत्व शक्तिप्रति गर्व यस गीतमा प्रकट भएको छ । आमा एउटा व्यक्ति नभई आश्रय, स्मृति र नैतिक केन्द्रको रूपमा मनिएको छ ।

### ४.२. सामाजिक तथा सांस्कृतिक चेतना

समाजमा रहेका समस्या, असमानता, शोषण, नियमकानुन, सांस्कृतिक मूल्य, परम्परागत धारणा शोषण र उत्पीडनका विरुद्ध गीतमा सामाजिक तथा सांस्कृतिक चेतना अभिव्यञ्जित भएको छ । यी दुई आधारमा तिज गीतको विश्लेषण गरिएको छ ।

#### (क) सामाजिक समस्याहरूको उजागर र मुक्तिको आकाङ्क्षा

नारीवादी चेतना भएका महिला दिदीबहिनीहरू स्वतन्त्र चाहन्छन् । पितृसताले दबाएर राखेका नारी शक्तिहरूलाई जरै देखि निर्मूल पार्न चाहन्छन् । तिज गीतले आफ्नो लोक परम्परा बोकेको हुन्छ । यिनै गीत मार्फत नारीहरू सामाजिक समस्यालाई गीतमा उतारेर आफ्नो आवाज बुलन्द पार्छन् । जस्तैः

भाइ लिन आउँदा पनि पठाएनन् अर्काले
तिजको दर खान मलाई, देनन् घर्काले ।
जसरी नि जान्छु माइत, किन मलाई थर्काउनी

दिदी लिन आको भाइलाई रित्तै फर्काउनी ।

(स्रोतः चौलागाईँ, २०८२)

प्रस्तुत गीतको अंशहरू भाइ लिन आउँदा माइत जान नपाएको, पीडाले ग्रस्त भएर घर परिवारसँग बिन्ति बिसाउँदा पनि चेली लिन आएको माइती–लाई रित्तै फुर्काएको, प्राकृतिक रूपमा बर्सी रहने भदौरे भेलले समेत बाटो छेकोको प्रसङ्गमा माथिको गीत आएको छ । माइत जान नपाउनु, घरपरिवारको झर्को, उर्लदो भेल जस्ता शब्दले नारी जीवनको सामाजिक कैद देखाउँछ । नारीको विवाह पश्चात माइतीसँग टुटेको सम्बन्ध, घरको जिम्मेवारीले बाँधिएको अवस्था र नारीले पाउने प्रताडनाको व्यवहारलाई देखाइएको छ । तर एउटै स्वरमा ती नारीहरूले मुक्तिको चाह पनि पोखेका छन् । अर्को गीत हेरौँः

बाटो छेक्न तयारी छन्, भदौरेका झरी नि

मै दुखिया दुःख गर्ने, घरमा परेनी ।

धमिलो छ तामाकोसी, उल्र्यो मालुखोला नि

कुनै दिन त माइत जान, जुर्छ होला नि ।

(स्रोतः चर्मकार, २०८२)

माथि प्रस्तुत गीतमा जस्तोसुकै कठिन स्थिति आए नि माइत गएरै छोड्छु भन्ने भाव बोकेको नारी चेतना समेत प्रकट भएको छ । माथिको पङ्क्तिहरूले नारीका निजी दुःख, भोगाइलाई सामूहिक अनुभवलाई प्रस्तुत गरेका छन् । तामाकोसी, मालुखोला, भदौरे भेलले गर्दा उर्लिएका छन् । घर परिवारका सदस्यले मात्रै होइन प्राकृतिक अबरोधले समेत जीवनलाई कठिन बनाएको कुरालाई गीत मार्फत प्रस्तुत गरिएको छ ।

**(ख) सांस्कृतिक पहिचानको खोजी**

घरपरिवार, सामाजिक, सांस्कृतिक रीतिरिवाज, मान्यता, प्रशासनिक कार्यपद्धतिका कारण अन्याय खप्दै उत्पीडित बनेका नारीहरूको पीडित अनुभूतिको अभिव्यक्ति नारी चेतनाको महत्त्वपूर्ण पक्ष हो (शर्मा, २०७२, पृ.४७६) । सांस्कृतिक पहिचान हाम्रो धरोहर हो । जहाँ निजी विचार, भावहरूलाई स्वतन्त्र रूपमा व्यक्त गर्न सकिन्छ । जस्तैः

तिजको दिन दिदी बैनी जम्मा भै

मनको दुःख बिसाउने मौका हामीलाई ।

(स्रोतः विश्वकर्मा, २०८२)

प्रस्तुत अंशमा सांस्कृतिक, परम्परागत, मूल्यमान्यता, पहिचान र सामूहिक अभ्यासप्रति गर्ने आदर, जागरुकता र खोजलाई जनाउँछ । तिज गीतले आफ्नो मूल संस्कृति र इतिहाससँग जोड्छ । हाम्रो नेपाली संस्कारअनुसार तिजलाई दिदीबहिनी जमघट गरेरे एक अर्काको दुःख साट्ने मौका, माइती सम्झने क्षण, दर खाने संस्कारको रूपमा लिइन्छ । आफ्नो संस्कृति, परम्पराको गौरव, पहिचान र भावनात्मक सम्बन्धबारे जागरुकता गर्ने पर्वका रूपमा मनाउदै आएको पाइन्छ । यस पङ्क्तिमा दुई चेतना एकैसाथ मिसिएका छन् । एउटै गीतले 'माइत जान नपाएको सामाजिक पीडा पनि बोलेको छ अनि दिदीबहिनी जम्मा भई दुःख पोख्ने' सांस्कृतिक मूल्य पनि प्रस्तुत गरेको छ ।

**४.३ पितृसत्तावादले निम्त्याएका समस्याको प्रस्तुति र विरोधी भाव**

एकातिर समाजको संरचना पितृसत्तात्मक हुनु र अर्कातिर यहाँका हरेक विधान बलियो बनाउनको लागि रचिएको हुनाले गर्दा महिलाहरू चौतर्फी ढङ्गले उत्पीडनमा परेका छन् । महिलाका अधिकांश समस्याहरू

पितृसत्तासँग जोडिन पुग्दछन् (त्रिपाठी, सन् २०१२, पृ. ३५३) । हाम्रो समाजले बनाई दिएको घेरालाई प्रतिकारको भावना चाहिन्छ । जे कुरा पनि सहेर बस्यो भने नारीहरूले बढी दुःख पाउछन् । नारीलाई आर्थिक, राजनीतिक, सामाजिक, धार्मिक, सांस्कृतिक आदि क्षेत्रमा पुरुषसरह अधिकार नदिएको भन्दै ती असमानताको विरोध गर्दछ र हरेक क्षेत्रमा नारीले समान सहभागिता र अधिकार पाउनुपर्ने विचार' अगाडि सार्दछ (अर्याल, २०७९, पृ. १६) । नारी र पुरुष दुबैलाई भेदभाव नगरी समान अधिकार प्रदान गर्नुपर्छ भन्ने मान्यता नारीवादको रहेको छ । माइत जान नपाएकी चेली, मद्यपान गर्ने श्रीमान्सँग बिहे गरिदिएको वेदना सुनाउने भाव तिज गीतमा व्यक्त भएको छ । जस्तैः

बाआमा सम्झी रुँदै बस्नु म कति
जान्न मत त्यो घर सासू असत्ति ।
नौ डाँडापारि बे अर्दियौ ए आमा ! (बिहे गरेर दियौ)
बालाखैमा पठायौ बूढो बुढो केटोमा ।

छैनन् माइती मेरा बितिगए आमाबा
बुढो पोइछ भर छैन त्यै नि जँड्याहा ।
घर्काले माया नगर्ने रैछन् ए आमा ! थाहा भो
हाडमासु घोटी खाएको पनि दुन्न्याँलाई डाहा भो ।
(स्रोतः विश्वकर्मा, २०८२)

प्रस्तुत चारओटै गीतमा पितृसत्तात्मक संरचनाप्रतिको खुला प्रतिवाद गरिएको छ । पहिलो गीतांशले विवाह पश्चात् महिलाले माइतीघर गुमाउनु पर्ने र श्रीमान्को घरलाई आफ्नो बनाउन नसक्ने अवस्थालाई प्रतिविम्बित गर्छ । यहाँ असत्ति शब्दमार्फत श्रीमान्को घरलाई असैह्य कैद घरका रूपमा प्रस्तुत गरिएको छ । जसले विवाहलाई नारीमाथि लादिएको सामाजि बेतिथिका रूपमा देखाउँछ । यसैगरी दोस्रो गीतांशमा बालविवाह र उमेर असमानताको पीडा व्यक्त गरेको छ । किशोरावस्थामा नै वृद्ध पुरुषसँग जबर्जस्ती विवाह गरिनु, पितृसत्तात्मक संरचनाको सबैभन्दा क्रुर रूप हो । जसले नारीलाई स्वतन्त्र जीवन जीउने अधिकारबाट वञ्चित गर्छ । तेस्रो गीतांशमा माइतीको बाआमाको मृत्यु भैसकेको अवस्थाले सहारा हराएको छ भने लोग्ने पनि भरपर्ने छैन् । लोग्नेमा सहारा राखिएको अपेक्षाले पनि सुरक्षा दिदैन बरु मदिरा सेवन गरेर हिंसा, उपेक्षा र कष्ट थप्छ । चौथो गीतांशमा श्रम र त्यागलाई मान्यता नदिने बरु ईर्ष्या मात्र गर्ने समाजको अनुचित व्यवहार देखाउँछ । महिलाले घर धान्न घाँसदाउरा, खेतीपातीमा हाडमासु घोटे पनि माया र सम्मान पाउँदैनन् भने कटु सत्य पाइन्छ । यी चारओटै अंशमा एउटै साझा स्वर भनेको प्रतिवादको भाव हो । नारीहरूले आफ्ना पीडादायी अनुभवलाई मात्र गुनासोका रूपमा नभई सामाजिक संरचना विरुद्धको खुला आलोचनाका रूपमा प्रस्तुत गरेका छन् । बालविवाह, श्रीमान घरमा माया नपाएको अवस्था, मद्यपान र हिंस्रक लोग्ने, श्रमको अवमूल्यन, पितृसत्तात्मक संरचनाका परिणाम हुन् । तिज गीत मार्फत महिलाले आफ्ना अनुभवलाई सार्वजनिक गर्दै सामाजिक संरचनाको असमानताप्रति उजागर गरेका छन् ।

### ४.४ शैक्षिक र आर्थिक उत्पीडनको पिडा बोध र नारी उत्पीडन विरोधी चेतना

शिक्षा र सिपको कमिले नारी आर्थिक निर्भरतामा अड्किन्छन् । शिक्षाले जीवनको रणनीतिमा परिवर्तन ल्याउँछ । नेपाली परम्परागत समाजमा नारी समुदाय या नारी वर्गको स्थिति र जागरणलाई सांस्कृतिक र साहित्यिक क्षेत्रमा नारीवादी चेतनाको आधार मानेका छन् (त्रिपाठी, सन् २०११, पृ. १८८) । नारीलाई शैक्षिक र आर्थिक विषयमा समानता नभएपछि नेपाली समाजमा दबिएर बस्नुपर्छ । यही अवस्थालाई गीत मार्फत पिडा र प्रतिवाद दुबै स्वरमा चित्रित गरिएको छ । जस्तैः

पढ्न पा'भा डाक्टर पाइलट हुन्थे होला साथी हो
मेरो भागमा डोको नाम्लो थाप्लो माथि भो।
पढाएनौ बाबा मलाई यै दुक्ख मन छ मेरो
शिक्षा बिना हुने रैछ जीवन अँधेरो।
(स्रोतः विश्वकर्मा, २०८२)

यी दुवै पङक्तिमा नारी जीवनमा शिक्षा र आर्थिक स्वतन्त्रता अभावका कारण सिर्जने पिडाको अभिव्यक्ति छ। पहिलो पङ्क्तिले शिक्षा प्राप्त गर्ने अवसर नपाएको पीडा र त्यसका कारण सम्भावित उज्ज्वल भविष्य गुमेको बोध स्पष्ट हुन्छ। डाक्टर वा पाइलटजस्ता पेशा सम्भावनाको प्रतीक हुन् , जुन शिक्षा नपाउँदा असम्भव बनेको छ। यसको सट्टा नारीलाई खेत, बारी, घरधन्दा र भारी बोक्ने श्रममा मात्र सीमित गरिएको छ। यसले परम्परागत श्रमशोषणमा बाँध्ने पितृसत्तात्मक संरचनाको आलोचना गर्दछ। दोस्रो पङ्क्तिमा प्रत्यक्ष रूपमा पितृसत्तात्मक परिवार र समाजप्रति प्रश्न उठाइएको छ। बाबाले शिक्षाको अवसर नदिएको गुनासो मार्फत नारीलाई शिक्षा प्राप्त गर्न रोक्ने परम्परागत सोचप्रति विरोध व्यक्त गरिएको छ। शिक्षा बिना जीवन अँध्यारो उल्लेखित ज्ञान र सीपविहीन अवस्थालाई मात्र नभई सामाजिक आर्थिक अवसरबाट वञ्चित हुने अवस्थालाई प्रकट गर्दछ। त्यसैले गीतांशमा शैक्षिक र आर्थिक उत्पीडनको पीडाबोधसँगै नारी उत्पीडन विरोधी चेतना दुवै स्पष्ट रूपमा प्रतिविम्बित भएको छ।

### ४.५ समतामूलक समाज निर्माणको चाह र स्वतन्त्रताको खोजी

नारीवादीको मूल नारा नै नारी स्वतन्त्रता, समानता र नारी अस्तित्वको खोजी हो। नारीले ऑफूले कसैको नियन्त्रण र रोकावटबिना चाहेको काम गर्न सक्ने र गर्न पाउनुपर्ने अवस्था नारी स्वतन्त्रता हो। (अर्याल, २०७९, पृ.१७)। समाजमा भएका अन्याय र असमानता हटाई आफ्नो जीवन आफ्नै ढङ्गले बाच्न सक्ने स्वतन्त्र वातावरण बनाउनु नारीवादीको प्रमुख मान्यता हो। गोमा चर्मकारको तिज गीतमा समतामूलक समाज निर्माण र स्वतन्त्रताको खोजी गर्ने चाहना यसरी प्रकट भएको छः

बुढी सासू बिरामी छिन् एक्हाते छ दुहुनुगाई
कसलाई जिम्मा लगाएर माइत जानु बाई।
धागो लाउन मन थियो चट्ट कपाल बाटेर
जाऊ कि माइत जस्तो लाग्छ डाडै काटेर।
(स्रोतः चर्मकार, २०८२)

यस गीतांशमा सासूको हेरचाहजस्ता जिम्मेवारी एक्लै बोक्नु परेको यथार्थ उजागर भएको छ। यो अवस्थामा पुरुष र महिलाको भूमिकामा असमान रहेको, श्रम विभाजन न्यायोचित नभएको प्रमाण हो। यसले पितृसत्तात्मक समाजले निर्माण गरेको असमान श्रमप्रति महिलाको पीडालाई देखाउँछ। यस्तो असमानता हटाएर पुरुष र महिलाले बराबरी रूपमा घरपरिवारको दायित्व बाँड्ने समाजको चाहना नै समतामूल समाज निर्माण चाह हो। दोस्रो अंशमा महिलाको व्यक्तिगत आकाङ्क्षा, सिङ्गारिनु, रमाइलोमा सहभागी हुनु र आफ्ना आमाबाबुसँग भेट्नुबाट महिलाको सौन्दर्य र इच्छासँग सम्बन्धित स्वभाविक चाहना प्रकट हुन्छ। तर घरायसी बोझ र सामाजिक दवाबका कारण उनले त्यो चाहना पूरा गर्न पाएकी छैनन्। उनले त्यो चाहना पूरा गर्न पाएकी छैनन्। आफ्नो इच्छानुसार स्वतन्त्र निर्णय लिन सकेकी छैनन्। त्यसैले प्रस्तुत गीतांशमा महिलाको जीवनका कठिनाइहरू मार्फत असमानताको समस्या उजागर गर्दै, घर र समाजमा बराबरी स्वतन्त्रता हुनुपर्ने अभिव्यक्ति गरिएको छ।

## ५. निष्कर्ष

वागमती क्षेत्रमा गाइने तिज गीत नारीचेतनाको सशक्त साधनका रूपमा प्रस्तुत भएका छन् । यी गीतहरूले नारी अस्तित्व र मातृत्वशक्तिप्रति गर्व मात्र होइन, समाजमा रहेको पितृसत्तात्मक संरचनाको प्रत्यक्ष प्रतिवाद पनि व्यक्त गर्छन् । विवाहपछि माइतीसँग टुटेको सम्बन्ध, जबर्जस्ती बालविवाह, घरेलु हिंसा, मदिरासक्त लोग्नेको यातना, श्रमशोषण, शिक्षा र आर्थिक अवसरबाट वञ्चित हुनुजस्ता समस्याहरूलाई तिज गीतमा अत्यन्तै मार्मिक ढङ्गले उजागर गरिएको छ । नारीहरूले आफ्ना निजी भोगाइलाई मात्र पोख्दैनन्, बरु सामूहिक पीडा र साझा यथार्थलाई समाजसँग बाँड्छन् । यसरी गीत नारीहरूको मौन पीडालाई मुखरित गर्ने आवाज बनेको छ । तिज गीतले नारीलाई सामाजिक, सांस्कृतिक तथा पारिवारिक परम्पराको पुनर्विचार गर्न प्रेरित गर्छ । दिदीबहिनीहरू भेला भई गीतमार्फत आफ्नो पीडा पोख्ने र आपसी भावनात्मक सम्बन्ध जोड्ने अवसर पाउँछन्, जसले उनीहरूको एकता र चेतनालाई अझ सबल बनाउँछ । यसैगरी, तिज गीतले नारी स्वतन्त्रता, समान अधिकार र समतामूलक समाज निर्माणप्रति तीव्र चाह प्रकट गर्छ । महिलाहरूले घरधन्दा, खेतीपाती र परिवारको सम्पूर्ण जिम्मेवारी बोके पनि उचित मूल्याङ्कन र सम्मान नपाएको कटु सत्य उजागर हुन्छ ।

यसरी हेर्दा, तिज गीत केवल पर्वको मनोरञ्जन वा परम्परागत संस्कारको अंश मात्र नभई नारी चेतनाको अभिव्यक्ति, विद्रोह, आत्मपहिचान र सामाजिक रूपान्तरणतर्फ उन्मुख सशक्त लोकसांस्कृतिक पहिचान बनेका छन् ।

## सन्दर्भ सामग्री सूची


१. अर्याल, अम्बिका (२०७९). नारीवाद र नारी स्रस्टाका उपन्यास. काठमाडौँः पैरवी बुक हाउस प्रा.लि. ।

२. गौतम, तुलसीप्रसाद (२००१) उत्तरवर्ती नेपाली कवितामा नारीचेतना. वाङ्मय. काठमाडौँः अनुसन्धान व्यवस्थापन समिति, पृ. ५३–६९ ।

३. गौतम, लक्ष्मणप्रसाद (सन् २०१७). उत्तरवर्ती नेपाली नारीकविता लेखनमा नारीवादी चेतना. *www.samakalinsahity.com.*

४. ढकाल, रजनी (२०२५). तिजको सामाजिक सन्दर्भ. *samaj anweshan=* 2(2), pp.51-60.

५. पराजुली भावना (२०७१). कोटेश्वर वरपरको तिज गीत. दीपशिखा. काठमाडौँः कोटेश्वर बहुमुखी क्याम्पस पृ. १९–२९ ।

६. पुन, डम्बरबहादुर (सन् २०२५).लोकगीत सिद्धान्तका आधारमा आठहजारी तिज गीतको विश्लेषण. *BMC Research Journal, 4 -1_, pp.160-180.*

७. पौड्याल, दुर्गादेवी (२०७९). तिजपर्वको सांस्कृतिक तथा सामाजिक पक्ष. भ्वाइस अफ कल्चर अङ्क ८. पृ. ६९–७७ ।

८. बन्धु, चुडामणि (२०८१).नेपाली लोकसाहित्य. काठमाडौँः एकता बुक्स प्रा.लि ।

९. लामिछाने, कपिलदेव (२०७७). लोकसाहित्य सिद्धान्त. काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

१०. शर्मा, तर्कना (२०७३). प्रयोगशालाको प्रयोग. काठमाडौँः पुष्प मिडिया प्रा.लि ।

११. शर्मा, बिन्दू (२०७२). समकालीन नेपाली कवितामा नारीचेतना. प्रज्ञा समकालीन नेपाली कविताविमर्श. सम्पा. अमर गिरी, होमनाथ पौडेल र लक्ष्मणप्रसाद गौतम. काठमाडौँः नेपाल प्रज्ञाप्रतिष्ठान, पृ. ४६१– ५०५ ।

१२. सरस, सरस्वती (भाद्र ६, २०८२). 'तिज गीतले कोरेको समयको पदचाप' अन्नपूर्ण पोस्ट ।

१३. त्रिपाठी, सुधा (सन् २०१२). नारीवादी सौन्दर्य चिन्तन. काठमाडौँः भृकुटी एकेडेमिक पब्लिकेसन ।

१४. त्रिपाठी, सुधा (सन् २०११). नेपाली उपन्यासमा नारीवाद. काठमाडौँः भृकुटी एकेडेमिक पब्लिकेसन ।

## परिशिष्ट

तिज गीतका सामाग्री सङ्कलनको अवधि २०८२ असार पहिलो हप्तादेखि भदौ पहिलो हप्तासम्म रहेको छ । तिज गीतका स्रोतव्यक्तिको विवरण दिइएको ठेगाना बमोजिम छ र स्रोतव्यक्तिको उमेर सामाग्री सङ्कलनकै अवधिको हो ।

१. गोमा चर्मकार, मेलुङ गापा, वडा नं.७, दोलखा, वर्षः २५, शिक्षाःस्नातक (नेपाली), पेसाः शिक्षण ।

२. दीपा चौलागाईँ, मन्डन देउपुर नपा.–४, काभ्रेपलान्चोक, वर्षः ३०, शिक्षाः माध्यमिक शिक्षा उत्तिर्ण, पेसा ब्युटिसियन ।

३. विपेन विश्वकर्मा, चौतारा साँगाचोकगढी नपा.–३, गैरीगाउँ, सिन्धुपाल्चोक, वर्षः ३०, शिक्षाः स्नातकोत्तर (नेपाली), पेसाः शिक्षण ।